# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५] काठमाडौं मार्ग १३ गते २०१२ साल [संख्या १४

## कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

## २०१२ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# जनतालाई नागरिक अधिकार दिएको ऐन, २०१२

जनतालाई नागरिक अधिकार प्रदान गर्न र सो लागू गर्नाको लागि कार्यविधि तयार गर्नुपरेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम 'नागरिक अधिकार ऐन, २०१२' रहेको छ।

(२) यो ऐन नेपाल भरमुलुक लागू हुनेछ।

(३) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः– यस ऐनमा—

(१) 'नागरिक' भन्ने शब्दले नेपाल नागरिकताको ऐन २००९ बमोजिम नेपालको नागरिकलाई जनाउँछ ।

(२) 'प्रचलित ऐन' भन्ने शब्दले यो ऐन जारी हुनुभन्दा अघि वा पछि जारी भई कायम रहेको ऐन सवाल तथा सनदहरू र त्यस-अन्तर्गत बनेका प्रचलित नियम नोटीफिकेशन तथा आदेशहरूलाई जनाउँछ ।

३ कानूनको दृष्टिमा समानताः– प्रचलित ऐनको अधीनमा रही सरकारले नेपाल राज्यभित्र ऐनको अगाडि सबैको समानता अथवा ऐनबाट हुने समान रक्षा कुनसुकै नागरिकलाई पनि इन्कार गर्नेछैन।

तर अवउप्रान्त दण्ड सजाय गर्दा सबैलाई समान भावले दण्ड विधान अनुसार सजाय हुनेछ

४. धर्म, जाति, जात, लिङ्गको आधारमा भेदभाव नगरिनेः– कुनै सरकारी पदमा नियुक्ति गर्दा सरकारले योग्यताको आधारमा मात्र नियुक्त गर्नेछ र


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धर्म, जाति, जात, वर्ण, लिङ्गको आधारमा कुनै नागरिकलाई भेदभाव गर्नेछैन।

५. कुनै विशेष वर्गको निमित्त विशेष व्यवस्था सरकारको अधिकार:- माथि दफा ३ र ४ मा जेसुकै लेखिएको भए तापनि।

(क) स्त्री जाति बालकवर्ग र कुनै अनुन्नत नागरिक वर्गको लागि विशेष व्यवस्था गर्ने सरकारलाई अधिकार हुनेछ।

[ख] धर्म, गुठी, सदावर्त इत्यादिको हकमा प्रचलित ऐन नियम रीति थिति-बमोजिम हुनेछ, यसमा कसैले हस्तक्षेप गर्न हुँदैन।

६. वाक्स्वतन्त्रता इत्यादि सम्बन्धी अधिकार: — प्रचलित ऐनको अधीनमा रही सबै नागरिकहरूलाई देहायका अधिकारहरू हुनेछन्।

[१] वाक् र प्रकाशन स्वतन्त्रता।

[२] शान्तिपूर्वक र विना हतियारको सम्मेलन सभा गर्ने।

[३] संस्था वा संघ खडा गर्ने।

[४] नेपाल राज्यभर बिना रोकटोक घुमफिर गर्ने

[५] नेपाल राज्यभर जुनसुकै भागमा पनि निवास गर्ने र घरजम गर्ने।

[६] सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने।

[७] कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने।

७. धर्मसम्बन्धी हक: - प्रचलित ऐनको अधीनमा रही प्रचलित धार्मिक सम्प्रदायहरूलाई दिइएको देहायको हकहरूमा सरकारले हस्तक्षेप गर्नेछैन।

[क] धार्मिक र गुठी सदाबर्त संस्थाहरू कायम गर्ने चलाउने।

[ख] धर्मसम्बन्धी र सामाजिक संसर्ग ( सोसल इन्टर कोर्स ) को लागि आफ्नो व्यवस्था गर्ने।

[ग] सम्पत्ति जम्मा गर्ने, आफ्नो नाउँमा राख्ने र प्रचलन गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. कानूनको अख्तियारविना कुनै कर नलगाउने:— कुनै कर कानूनको अख्तियारविना लगाइने वा असूल गरिनेछैन ।

९. सम्पत्तिसम्बन्धी अधिकार:— ऐनको अख्तियारविना कुनै व्यक्तिको सम्पत्ति अपहरण गरिनेछैन ।

१०. नागरिकको वासस्थानको रक्षा:— प्रचलित ऐनको अख्तियारविना कुनै नागरिकको बासस्थानमा जबरजस्ती प्रवेश गर्न हुँदैन ।

११. अपराध ठहर भएमा हुने सजायबारे: [१] कुनै व्यक्तिलाई पनि प्रचलित ऐन विरुद्ध केही काम गरेमा बाहेक कुनै अपराधमा दोषी ठहराइनेछैन र अपराध गर्दा ऐनले तोकेको भन्दा बढी दण्ड सजाय दिइनेछैन ।

[२] कुनै व्यक्तिउपर एकै अपराधमा एकपटकभन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिनेछैन ।

[३] कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन ।

१२ ज्यान र व्यक्तिगत स्वतन्त्रताको रक्षा: प्रचलित ऐनले स्थापित गरेको रीतबमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा व्यक्तिगत स्वतन्त्रता हरिनेछैन ।

१३. मानिसलाई आफ्नो इच्छाविरुध्द जवरजस्ती काम गराउन मनाही:— कुनै व्यक्तिले कसैलाई पनि उसको इच्छाविरुद्ध जबरजस्ती काम गराउन मनाही गरिएको छ ।

१४. नाबालकलाई फेक्टरी इत्यादिमा काम लगाउनमा निषेध:— चौध वर्षभन्दा कम उमेरका कुनै बालकलाई पनि कुनै कारखाना वा खानीको काममा लगाउन वा अरू कुनै जोखिमी काममा भर्ना गर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. गिरफ्तारको सम्बन्धमा बचाउः— [१] कुनै गिरफ्तार भएको व्यक्तिलाई पनि,

(क) गिरफ्तार भएको कारणसहितको चाहिंदो सूचना नदिई थुनामा राखिनेछैन।

(ख) त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानून जान्ने वारीससँग राय लिने र उसद्वारा पुर्पक्ष गर्ने अधिकार इन्कार गरिनेछैन। ... वारेससँग राय लिंदा थुनिएका ठाउँको ... नियमबमोजिम गर्नुपर्छ।

(२) गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटाको म्याद्बाहेक २४ घंटाभित्र सबभन्दा नजिकको अदालतमा उपस्थित गराउनुपर्छ। कुनै पनि व्यक्तिलाई अदालतको आदेश अधिकारविना उक्त अवधिभन्दा बढी थुनामा राखिनेछैन।

(३) नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७ ले गिरफ्तार भई नजरबन्द रहेका कुनै व्यक्तिलाई यस दफाको उपदफा (१) को (क) र उपदफा [२] का कुनै कुरा लागू हुनेछैन।

१६. ऐन विरुद्ध थुनामा परेमा गर्ने उपाय — गिरफ्तार भएका वा थुनिएका मानिस आफैले वा अरू कसैमार्फत बन्दीप्रत्यक्षीकरणको [हेबियस् कपर्स] आदेशको निमित्त देहायमा लेखिएका अदालतमा उजुर गर्न सक्नेछ। त्यस्तो उजुरी आएमा अदालतले पनि थुनिएको सम्बन्धमा सम्म ठाडो जाँच बुझ गरी प्रचलित ऐनको अख्तियारविना थुनिएको ठहरिन आएमा त्यस्ता थुनिएको व्यक्तिलाई ऐनबमोजिम छुटाउने निर्देश मात्र दिन सक्नेछ।

[१] उपत्यकाको प्रधान न्यायालयमा र,

[२] अरू जिल्लाहरूको सोही जिल्लाका अपील सुन्ने अधिकार भएको अदालतमा;

१७ यस ऐनबाट दिएको अधिकारहरू दाबी गर्ने अरू उपायः— [१] कसैले कसैको यस ऐनद्वारा प्रदत्त अधिकार आघात गरेमा अवस्था हेरी अधिकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त अदालतले ठहरे गरेबमोजिमको क्षतिपूर्ति अधिकार आघात भएको व्यक्तिलाई दिनुपर्छ ।

[२] कसैले यस ऐनद्वारा प्रदत्त आफ्नो कुनै अधिकारमा आघात हुने शंका लागेमा सोबारेको नालेस उजुर आफ्ना इलाकाको अपील सुन्ने अधिकार भएको अदालतमा गर्न सक्नेछ र सो अदालतले प्रतिवादीलाई सो नगर्नू भनी निषेधाज्ञा (इन्जकसन्) दिन सक्नेछ ।

१८. सरकारउपर मुद्दा चलाउने अधिकार :— यदि ठेक्का पट्टामा अरू कुनै अधिकारीबाट झगडा निप्टारा गर्ने व्यवस्था गरिएको छैन भने सरकारसँगको सम्बन्धी हकमा बाधा विरोध भएमा सो हक प्रचलन गराइपाऊँ भनी र दफा ८ वा ६ को विरुद्ध सरकारले कुनै नागरिकको चल अचल सम्पत्ति अपहरण गरेमा या नोक्सान पारेमा सो नागरिकले सरकारउपर हर्जाना या हर्जानासहित आफ्नो सम्पत्ति फिर्ता पाऊँ भनी अदालतमा नालेस उजुर गर्न सक्छ ।

तर कुनै सरकारी कर्मचारीले गरेका अनधिकृत (टरसस) कामको निम्ति सरकारले क्षति पूर्ति दिनेछैन ।

१९. मुद्दाको सूचना:— सरकारउपर या सरकारी कामकाजमा कुनै सरकारी कर्मचारीउपर कुनै किसिमको मुद्दा दायर गर्दा २ महिना अगावै देहायबमोजिम सो कर्मचारीलाई या सम्बन्धित आफिसमा लिखित सूचना बुझाउन्छ वा हुलाकद्वारा रजिष्टरी गरी पठाउनुपर्छ ।

[१] सरकारबिरुद्ध मुद्दा चलाउनुपरेमा सरकारी सेक्रेटरी र,

[२] सरकारी कर्मचारीउपर मुद्दा चलाउनुपरेमा सोही सरकारी कर्मचारी, सो सूचनामा उजुरवालाले नाम, थर, वतन मुद्दा गर्नुपर्ने कारण र कुन कुराको दाबी गर्छ, सोसमेत खोली दिनुपर्देछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अदालतहरुको अधिकार क्षेत्रः— [१] दफा १७ र १८ म लेखिएका कलमहरुमा आफ्ना इलाकाको अपील सुन्ने अधिकार भएको अदालतमा मुद्दा दायर हुनेछ ।

[२] मुद्दा चलाउनुपर्ने कारण भएको मितिले ८ महिनाभित्र नालिस उजुर नगरे कुनै अदालतमा यस्तो मुद्दा चल्न सक्तैन ।

[३] यो ऐन प्रारम्भ हुनुभन्दा अगावै भए गरेका काम कारवाईका सम्बन्धमा सरकारउपर कुनै अदालतमा नालेश उजुर लाग्नेछैन।

११. विदेशीहरुलाई अधिकार दिनेः [१] उपदफा [२] र [३] को अधीनमा रही कुनै विदेशी मुलुकका नागरिकले यस ऐनद्वारा दिएका सबै अधीकार पाउनेछन्।

[२] सरकारले लिखित आदेशद्वारा जुनसुकै विदेशीलाई यस ऐनद्वारा दिएका सबै वा केही हकबाट वंचित गर्न सक्नेछ ।

[३] गैन्ह या कुनै खास किसिमका विदेशीहरुको सम्बन्धमा यो ऐनले दिएको अधिकार सीमित अथवा मनाई गर्ने गरी सरकारले नियम बनाउन सक्छ। त्यस्ता नियमहरु नेपाल गजेटमा प्रकाशित हुनछन् र माथिको कुरामा प्रतिकूल प्रभाव नपारी त्यस्तो नियमहरुले —

[क] नेपालभित्र प्रवेश, घुमफिर, नेपालबाट प्रस्थान र नेपालमा उपस्थितिलाई मनाही नियमित र नियन्त्रण गर्न सक्छ।

[ख] यस ऐनले दिएको अधिकार त्यस्ता विदेशीहरुले पाउने छैनन् भन्ने अथवा उक्त अधिकार त्यस्ता विदेशीहरुले उपभोग गर्दा सरकारले उचित ठानेको बन्देज लगाउने व्यवस्था गर्न सक्छ ।

२२. व्यक्तिगत स्वतन्त्रताको ऐन २००६ खारेज गरिएकोछ ।

इति संवत २०१२ साल गते रोज शुभम्

आज्ञाले —

रत्नबहादुर विष्ट, सेक्रेटरी—कानून तथा—संसदीय प्रबन्ध विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कानून बिभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

## २०१२ सालको ऐन नं १३

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र-वीरविक्रम शं बहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

## आवश्यक बस्तुसंरक्षण ऐन २०१२

जन-उपयोगका आवश्यक बस्तुविशेषको संरक्षण गर्नुपर्ने आवश्यक देखिएकाले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र विस्तारः— [क] यो ऐनको नाम 'आवश्यक वस्तुसंरक्षण ऐन, २०१२' रहेको छ ।

[ख] यो ऐन नेपाल राज्यभर लागू हुनेछ ।

२. परिभाषाः— यस ऐनमा आवश्यक वस्तु भन्नाले कुनै टेलिग्राफ, टेलिफोन, रोपवे, बिजुली, रेल्वे, रजैयासड्क (मूलबाटो) पुल, ढल निकास, पाईपलाइन पेट्रोल, पेट्रोलको पंप, खाने पानीको मुहान र सर्वसाधारणको उपयोगको घाटो पौवा, सत्तल र यो वस्तुहरूका साथमा रहेको वा जडान भएको वस्तुहरू समेत सम्झनुपर्छ ।

३. अनधिकृत मानिसले गर्न नपाउने र गरेमा सजायः— कसैले कुनै आवश्यक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४

वस्तुमा अरुलाई लगाई वा आफैँले हात हाल्न बिग्रन बुझाउन र कुनै किसिमले बिगार्ने चोरी गर्न गर्न लाउन हुँदैन। सो गरे गर्न लगाए ऐन सवालले हुने सजायमा थप २ वर्षदेखि ६ वर्षसम्म कैदै वा रु १०० देखि १००० सम्म जरीवाना वा दुवै हुनेछ ।

तर बनाउने मरमत गर्नेको लागि धनीबाट अधिकार प्राप्त व्यक्तिले चोरी-बाहेक अरु माथि लेखिएका काम गरेमा निजलाई बात लाग्दैन अवितव्य पर्न गै कुनै आवश्यक वस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजीकको कुनै सरकारी अड्डामा र सदरमा भए मैजिष्ट्रेट अफिसमा दियो भने यस दफा अन्तरगतको कसूरदार हुँदैन। नोक्सानी गरेको बिगो भने बुझाउनैपर्छ।

४. अनधिकृत मानिसलाई मद्दत दिन, दवाउन नपाउने र सो गरेमा सजायः— कुनै स्थानका बासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसँग मिली मतो गरेको वा निजहरूलाई मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाई छपाई राखेको वा कसूरबाट बचाउन खोजेको वा नियमारी रोक्न नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ ।

५. मैजिष्ट्रेट, बडाहाकिम वा हाकिमको अधिकारः— आवश्यक वस्तुको सबैले हेरचाह गर्ने गर्नुपर्छ, सो नगरी कुनै इलाकामा आवश्यक वस्तु बराबर चोरी वा अरु कुनै किसिमसग हानि नोक्सानी भै सरकारले पुलीस चौकी पालो पहरा इत्यादि थप मद्दत राख्नुपरेमा सो मद्दत राख्दा लाग्न गएको खर्च त्यस इलाकाका स्थानीय जनताले बेहोर्नुपर्नेछ ।

६. कसूरदारउपर मनासीबमाफिकको शक्ति प्रयोग गर्ने अधिकारः— कसूरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्दा जबरजस्ती हूलहुज्जत गेरी उम्कन खोज्यो भने त्यस्तालाई उम्कन दिन हुँदैन. सो गर्दा हतियार नचलाई नहुने भएमा हेड कन्सटेबल र सोभन्दा माथिका कुनै पुलीस अफिसरले भरसक हुँडाहुनी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बन्दूक हतियार चलाई गोली हानी पक्राउ गर्नुपर्छ। लेखिएबमोजिम गरेकोमा सो गर्ने सरकारी कर्मचारीहरूलाई बात लाग्नेछैन।

७. <u>किन्ने बेच्नेलाई सजायः</u>— आवश्यक बस्तु सम्बन्धी माल चोरीको हो भन्ने जानी जानी किन्ने बेच्ने राख्नेलाई दफा ३ बमोजिम सजाय हुनेछ।

८. <u>काम हुन नपाउँदै पक्रिनेलाई सजायः</u>— आवश्यक बस्तु चोर्न वा नोकसान गर्न गएको ठाउँमा पुगी काम गर्न आँटेको मौकामा वा गरिरहेकै मौकामा काम हुन नपाउँदै पक्राउ पर्नेलाई अघि त्यस्तै कसूरमा सजाय पाएको रहेनछ भने १ वर्ष कैद गर्नुपर्छ। अघि सजाय पाएको रहेछ भने लेखिएका कैदको दोबर बढाई कैद गर्नुपर्छ।

९. <u>मुद्दा हेर्ने अख्तियारः</u>— यस ऐनअन्तरगतका मुद्दाहरू मोफसलमा भए गौंडा, गढी, गोस्वाराका हाकिम बडाहाकिमले र सदरमा भए मजिष्ट्रेटले हेरी किनारा गर्नुपर्छ र त्यसउपरको अपील प्रधान न्यायालयमा लाग्नेछ।

१०. <u>यस ऐनमा नलेखिएकोमा गर्ने कामः</u>— यस ऐनमा लेखिएको जति यही ऐनबमोजिम र अरूमा भैरहेका ऐन सवालबमोजिम गर्नुपर्छ।

इति संवत् २०१२ साल कार्तिक १८ गते रोज १ शुभम् —

आज्ञाले—

रत्नबहादुर बिष्ट,

सेक्रेटरी—कानुन तथा संसदीय प्रबन्धविभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०६